**भारतीय राजदूतावास**

**काठमाडौं**

# प्रेस विज्ञप्ति

## इलामस्थित इलाम अस्पतालको आकस्मिक भवन (इमरजेन्सी ब्लक) को शिलान्यास समारोह

नेपालको कोशी प्रदेशको इलाम जिल्लाको इलाम नगरपालिका-०७ मा इलाम अस्पताल आकस्मिक भवन (इमरजेन्सी ब्लक) को निर्माणका लागि आज भारतीय राजदूतावास, काठमाडौंका काउन्सलर श्री गीतांजलि ब्रैंडन र इलाम नगरपालिकाका मेयर श्री केदार थापाले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु. ९.४ करोडमा इलाम अस्पताल आकस्मिक भवनको निर्माण हुन लागेको हो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना इलाम नगरपालिकामार्फत कार्यान्वयन गरिनेछ ।

३. इलाम नगरपालिकाका मेयर तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो र नयाँ संरचनाले इलाम नगरपालिकामा स्वास्थ्य सेवाको पहुँचमा सुधार ल्याउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

४. नजिकका छिमेकीको रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौं

२०८३ वैशाख ११